# बारबर्दिया नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## जयनगर, बर्दिया

मितिः २०७४।११।२९

सूचना ! सूचना !! सूचना !!!

विषयः निशु:ल्क जग्गा उपलब्ध गराउने बारेको सार्वजनिक सुचना

यस नगरपालिका अर्न्तगत मुख्य प्रशासनिक भवन अर्न्तगत विभिन्न शाखा कार्यालयहरु तथा नगरपालिकाका वडा कार्यालयका भवन निर्माण गर्नका लागि जग्गा आवश्यक परेको हुनाले देहायबमोजिमको क्षेत्रभित्र पर्ने गरी एउटै प्लटमा कम्तिमा १० कठ्ठा जग्गा निशुल्क दान दिन चाहनु हुने जग्गादाताहरुका लागि नगरकार्यपालिकाको मिति २०७४।११।१२ को निर्णयानुसार यो ३० दिने सुचना प्रकासित गरिएको छ ।

शर्तहरुः

१. दिइने जग्गा बारबर्दिया नगरपालिकाको तपसिलका क्षेत्रमा हुनुपर्नेछ ।

- नगरपालिकाका मुख्य प्रशासनिक भवन वा शाखा कार्यालयहरुका लागि जयनगर बजारदेखि २ कि.मी. भित्रको क्षेत्रमा
- वडा नं १ को वडा कार्यालयका लागि बारबर्दिया १ शनिबजार जोधीपुरको १ कि.मी भित्रको क्षेत्र
- वडा नं २ को लागि बारबर्दिया २ को कुमरागाउँको १ कि.मी भित्रको क्षेत्र
- वडा नं ३ को लागि बारबर्दिया ३ को रामपुरको १ कि.मी भित्रको क्षेत्र
- वडा नं ४ को लागि बारबर्दिया ४ को पदनाहको १ कि.मी भित्रको क्षेत्र
- वडा नं ५ को लागि जब्दहवा को १ कि.मी भित्रको क्षेत्र
- वडा नं ६ को लागि बारबर्दिया जयनगरको १ कि.मी वरिपरिको क्षेत्र
- वडा नं ७ को लागि बारबर्दिया ७ को सिउनियाको १ कि.मी वरिपरिको क्षेत्र
- वडा नं ८ को लागि बारबर्दिया ८ भगतपुरको १ कि.मी वरिपरिको क्षेत्र
- वडा नं ९ को लागि बारबर्दिया ९ कतर्निया क्षेत्र १ कि.मी वरिपरिको क्षेत्र
- वडा नं १० को लागि बारबर्दिया १० वडा कार्यालय वैदीको १ कि.मी वरिपरिको क्षेत्र
- वडा नं ११ को फच्कहवा को १ कि.मी वरपरको क्षेत्र

२. सो जग्गा एक वा एक भन्दा बढी व्यक्तिहरुको भएपनि एउटै प्लट हुने गरी दिन कम्तिमा १० कठ्ठा हुने गरी दिन सकिनेछ ।

३. उपलब्ध गराइने जग्गा सार्वजनिक बाटोमा जोडिएको हुनुपर्नेछ ।

# बारबर्दिया नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## जयनगर, बर्दिया

मिति: २०७४।११।२९

**सूचना !　　　　　　　　सूचना !!　　　　　　　　सूचना !!!**

४. जग्गादाताहरुको कुनै शर्तहरु भए जस्तै जग्गादाताको वा आफन्तको शिलालेख, ताम्रपत्र वा कुनै भागमा शालिक राख्न चाहेमा नगरपालिकामा राख्न सकिनेछ र उक्त विषय नगरकार्यपालिकाले निर्णय बमोजिम गरिनेछ ।

५. निशु:ल्क जग्गा उपलब्ध गराउन चाहने जग्गादाताले नेपाली नागरिकताको प्रमाणपत्र र जग्गाधनी पुर्जाको प्रतिलिपी सहितको खामवन्दी निवेदन यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र नगरकार्यपालिकाको कार्यालय जयनगर वा वडा कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ ।

६. यो सुचना प्रकासन भई जग्गा प्राप्ती नभएपछि नगरपालिकाले जग्गा प्राप्ति गर्ने अन्य प्रकिया अवलम्बन गर्न सक्नेछ ।

७. निशुल्क जग्गा दिन चाहने व्यक्तिहरुको निवेदन प्राप्त भएपछि जग्गा स्विकार गर्ने, नगर्ने वा कम वा बढी स्विकार गर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
बारबर्दिया नगरकार्यपालिका कार्यालय